# चिलिमे जलविद्युत कम्पनी लिमिटेड

बिक्रम सम्बत २०७८ पौष २३ गते शुक्रवार (७ जनवरी २०२२) का दिन स्काई जोन रेस्ट्रो एण्ड बैंक्वेट्स, धुम्वाराही, काठमाडौंमा बिद्युतीय माध्यम (भर्चुअल – Google Meet) बाट सम्पन्न भएको पच्चीसौं वार्षिक साधारण सभाको निर्णय पुस्तिका।

## १. पृष्ठभूमी

चिलिमे जलविद्युत कम्पनी लिमिटेडको पच्चीसौं वार्षिक साधारण सभा मिति २०७८ पौष २३ गते शुक्रवार (७ जनवरी २०२२) का दिन स्काई जोन रेस्ट्रो एण्ड बैंक्वेट्स, धुम्वाराही, काठमाडौंमा बिद्युतीय माध्यम (भर्चुअल – Google Meet) बाट सम्पन्न भएको थियो। विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) नेपालमा पनि महामारीको रुपमा फैलिइरहेको र हाल नयाँ भेरिएण्ट ओमिक्रोनको जोखिम उच्चरुपमा बढिरहेको परिप्रेक्षमा नेपाल सरकारले जारी गरेका सुरक्षा मापदण्डहरुको समेत पूर्ण पालना गरी सभा सञ्चालन गर्नुपर्ने अवस्था भएकोले यस्तो विशेष परिस्थितिलाई मध्यनजर गरी भिडभाड नहुने गरी मात्र साधारण सभा सञ्चालन गर्नु पर्ने भएकोले शेयरधनीले साधारण सभामा भाग लिंदा बिद्युतीय माध्यम (भर्चुअल – Google Meet) बाट साधारण सभामा भाग लिन सकिने ब्यवस्था गरी शेयरधनीहरुलाई सोही अनुसार सभामा भाग लिइदिन अनुरोध समेत गरिएको थियो। सञ्चालक समितिका सदस्यहरु तोकिएको सभा कक्षमा उपस्थित भई सभा सञ्चालन गरिएको थियो। कम्पनी सचिवले साधारण सभामा सहभागी हुन कम्पनीमा उपस्थित सञ्चालक समितिका अध्यक्ष, सदस्यहरु, शेयरधनीहरु तथा कम्पनीका पदाधिकारीहरु एवं बिद्युतीय माध्यमद्वारा सहभागी भएका शेयरधनीहरुलाई यथास्थानमा आसन ग्रहण गर्न अनुरोध गर्नुका साथै सबैलाई पच्चीसौं वार्षिक साधारण सभामा हार्दिक स्वागत गर्नु भएको थियो। साधारण सभाको अध्यक्षता कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री कुलमान घिसिङले गर्नुभएको थियो। अध्यक्षको अनुमति र शेयरधनीहरुको सहमती पश्चात सभा सञ्चालन भएको थियो। साधारण सभामा अध्यक्षले आ.व.२०७७/०७८ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो। तत्पश्चात साधारण सभामा छलफलका लागि निर्धारित विषयहरु उपर छलफल गरी निर्णय भएको थियो। साधारण सभा विहान ११:०० बजे शुरु भई निर्धारित बिषय सूची अनुसारका विषयमा छलफल तथा निर्णय गरी दिनको १:३० बजे समापन भएको थियो।

### (क) सभाको सूचना तथा प्रकाशनः

(अ) पच्चीसौं वार्षिक साधारण सभाको सूचना, २०७८ साल आषाढ मसान्तको वासलात र आ.व.२०७७/०७८ को नाफा/नोक्सान हिसाब तथा नगद प्रवाह विवरण सहितको आर्थिक विवरण र वार्षिक प्रतिवेदन कम्पनीको वेभसाइट **www.chilime.com.np** मा राखी सबै शेयरधनीहरुलाई जानकारी गराइएको थियो।

(आ) पच्चीसौं वार्षिक साधारण सभाको सूचना मिति २०७८/०८/२७ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको थियो ।

साथै उल्लेखित सूचनामा सभा गरिने स्थान कम्पनिको कर्पोरेट कार्यालय भनी उल्लेख भएकोमा विशेष कारणवश कम्पनीको कर्पोरेट कार्यालयमा नै सभा हुन नसक्ने भएकोले कर्पोरेट कार्यालयको नजिकै रहेको स्काई जोन रेस्ट्रो एण्ड बैंक्वेट्स, धुम्वाराही, काठमाडौंमा साधारण सभा सम्पन्न हुने व्यहोराको सूचना मिति २०७८/०९/१९ को नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित गरी शेयरधनीहरूलाई सूसुचित गरिएको थियो ।

(ख) <u>उपस्थिति:</u>

अ. <u>सञ्चालकहरुको उपस्थिति:</u>

| | | | |
|---|---|---|---|
| १) | श्री कुलमान घिसिङ | सञ्चालक | प्रतिनिधि, नेपाल विद्युत प्राधिकरण |
| २) | श्री हरराज न्यौपाने | सञ्चालक | प्रतिनिधि, नेपाल विद्युत प्राधिकरण |
| ३) | श्री माधव प्रसाद कोइराला | सञ्चालक | प्रतिनिधि, नेपाल विद्युत प्राधिकरण |
| ४) | श्री रामजी भण्डारी | सञ्चालक | प्रतिनिधि, नेपाल विद्युत प्राधिकरण |
| ५) | श्री लोकहरी लुईंटेल | सञ्चालक | प्रतिनिधि, नेपाल विद्युत प्राधिकरण |
| ६) | श्री तुलसीराम ढकाल | सञ्चालक | प्रतिनिधि, सर्वसाधारण समूह |
| ७) | श्री भीमप्रसाद तिमल्सिना | सञ्चालक | प्रतिनिधि, सर्वसाधारण समूह |
| ८) | श्री रामप्रसाद रिमाल | सञ्चालक | प्रतिनिधि, सर्वसाधारण समूह |
| ९) | श्री शान्ति लक्ष्मी शाक्य | सञ्चालक | प्रतिनिधि, सर्वसाधारण (महिला) समूह |
| १०) | श्री सुमनप्रसाद शर्मा | सञ्चालक | स्वतन्त्र सञ्चालक |
| ११) | डा. श्री जगत कुमार श्रेष्ठ | सञ्चालक | स्वतन्त्र, सञ्चालक |

आ. <u>पदाधिकारीको उपस्थिति</u>

| | | | |
|---|---|---|---|
| १) | श्री सुभाष कुमार मिश्र | प्रमुख कार्यकारी अधिकृत | चिलिमे ज.वि.कं.लि. |
| २) | श्री मुरली प्रसाद शर्मा | कानूनी सल्लाहकार | |
| ३) | श्री नारायण प्रसाद आचार्य | कम्पनी सचिव | चिलिमे ज.वि.कं.लि. |

इ. <u>सहायक कम्पनीका पदाधिकारीको उपस्थिति</u>

| | | | |
|---|---|---|---|
| १) | श्री रामगोपाल शिवाकोटी | कार्यकारी प्रमुख | मध्य भोटेकोशी ज.वि.कं.लि. |
| २) | श्री सुनिल कुमार ढुंगेल | प्रमुख कार्यकारी अधिकृत | सान्जेन ज.वि.कं.लि |
| ३) | श्री छबि गैहे | प्रमुख कार्यकारी अधिकृत | रसुवागढी हाइड्रोपावर कम्पनी लि. |
| ४) | श्री प्रजेश विक्रम थापा | कार्यकारी प्रमुख | चिलिमे इन्जिनियरिङ एण्ड कं. लि. |

ई. <u>विभिन्न निकायका पदाधिकारी/प्रतिनिधी</u>

१) श्री प्रविन कुमार झा लेखापरीक्षक, जोशी एण्ड भण्डारी

उ. **शेयरधनीहरुको उपस्थितिः**

१) स्वंय उपस्थिति ८० जना (संस्थागत शेयरधनीको प्रतिनिधी समेत)

२) प्रतिनिधीद्वारा उपस्थित १ जना।

## (ग) सभामा छलफलका लागि प्रस्ताव गरिएका विषयहरुः

साधारण सभामा निम्न विषयहरु छलफल तथा निर्णयका लागि प्रस्तुत गरिएका थिएः

१. सञ्चालक समितिको आ.व. २०७७/०७८ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने वारे।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७८ साल आषाढ मसान्तको वासलात र आ.व. २०७७/०७८ को नाफा/(नोक्सान) हिसाव तथा नगदप्रवाह विवरण (सम्बद्ध अनुसूचीहरू समेत) उपर छलफल गरी पारित गर्ने वारे।

३. आ.व. २०७८/०७९ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने वारे।

४. सञ्चालक समितिबाट सिफारिश भए बमोजिम साधारण सभा गर्दाको मितिमा कायम रहेको चुक्ता पूँजीको आधारमा आ.व. २०७७/०७८ सम्मको सञ्चित मुनाफाबाट ७.५% नगद लाभांश वापत रू.४७,१०,५५,४४२/४६ (नियमानुसार सेयरधनीले तिर्नु पर्ने कर समेत) बितरण गर्ने स्वीकृति सम्बन्धमा।

५. विशेष प्रस्तावः

(क) कम्पनीको प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन गर्ने।

(ख) सञ्चालक समितिबाट सिफारिश भए बमोजिम आ.व. २०७७/०७८ सम्मको सञ्चित मुनाफाबाट साधारण सभा गर्दाको मितिमा कायम रहेको चुक्ता पूँजीको ७.५% ले हुन आउने रकम रू.४७,१०,५५,४४२/४६ वरावरको वोनश शेयर बितरण गर्ने स्वीकृति सम्वन्धमा।

६. विविध।

## (घ) गणपुरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्व

| विवरण | निष्काशित शेयर र शेयरधनी | स्वयं उपस्थिति | प्रतिनिधिबाट उपस्थीत | जम्मा उपस्थिति | शेयरको अनुपातमा प्रतिनिधित्वको उपस्थितिको प्रतिशत |
|---|---|---|---|---|---|
| शेयर कित्ता संख्या | ६,२८,०७,४९३ | २,१६,९९८ | ३,२०,३१,७६९ | ३,२२,४८,७६७ | ५१.३५ |
| शेयरधनी संख्या | ८३,९७९ | ७९ | १ | ८० | ०.१० |

## २. सभाको वैधानिकता:

साधारण सभा सञ्चालन गर्नको लागि कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावलीमा भएको ब्यवस्था अनुसारको गणपुरक संख्या पुगेको कुरा जानकारी गराउँदै सभा प्रारम्भ गर्न अनुमति माग गर्दा उपस्थित शेयरधनीहरुको सभाबाट गणपुरक संख्या पुगेको र सभा रितपूर्वक बोलाइएको ठहर गरी विधिवत रुपमा बैठक सञ्चालन गर्ने निर्णय भयो । यस वार्षिक साधारण सभाको अध्यक्षता कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री कुलमान घिसिङले गर्नु हुने कुरा पनि सभामा जानकारी गराईयो । त्यसपछि विषयसूची अनुसार सभाको कार्यक्रम प्रारम्भ भयो ।

## ३. सभा सञ्चालन तथा प्रस्ताव उपर छलफल:

विषयसूची अनुसार साधारण सभाको कार्यक्रम सञ्चालन भएपछि सञ्चालक समितिका अध्यक्ष श्री कुलमान घिसिङलाई कम्पनीको वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न अनुरोध गरियो । तत्पश्चात अध्यक्षले सञ्चालक समितिका तर्फबाट आ.व.२०७७/०७८ को वार्षिक प्रतिवेदन साधारण सभा समक्ष प्रस्तुत गर्नुभयो । अध्यक्षबाट वार्षिक प्रतिवेदन प्रस्तुत भएपछि सो प्रतिवेदन तथा उहाँहरुलाई उपलब्ध गराइएको लेखापरीक्षण प्रतिवेदन सहितको आ.व.२०७७/०७८ को आर्थिक विवरणमा (२०७८ साल आषाढ मसान्तको वासलात तथा आ.व.२०७७/०७८ को नाफा/(नोक्सान) हिसाब र नगद प्रवाह विवरण समेत) मा आफ्नो राय, प्रतिक्रिया तथा सुझाव राख्न तथा सो सम्बन्धमा छलफल गर्न शेयरधनीहरुलाई अनुरोध गरिएकोमा निम्न सेयरधनीहरुले निम्नानुसारको राय, प्रतिक्रिया तथा सुझाव दिनु भएको थियो ।

१) **श्री डमरू बल्लभ घिमिरे**

उपयुक्त समयमा साधारण सभा सम्पन्न गरेकोमा घन्यवाद दिनु हुँदै कम्पनीले नगद लाभांश र वोनस शेयर प्रस्ताव गरेकोले दुवै हातमा लड्डु प्राप्त भएको जस्तो भयो भन्नुभयो । सञ्चालक समितिका सदस्यहरू धेरै भएकोले घटाउनु पर्ने सुझाव दिनु भयो ।

२) **श्री कृष्ण प्रसाद पोखरेल**

कम्पनीको कार्य सम्पादन राम्रो र सन्तोषजनक भएकोमा सञ्चालक समितिका पदाधिकारी लगायत सम्पूर्ण कर्मचारीहरूलाई धन्यवाद दिंदै आफ्नो छोटो मन्तव्य पुरा गर्नुभयो ।

३) **श्री शिव प्रसाद पौडेल**

नगद लाभांस छिटो खातामा हालिदिन र वोनस शेयर छिटो Listing गरिदिन अनुरोघ गर्नुभयो । चिलिमे टावर भवन निर्माण गरेकोमा प्रसंशा गर्दै जलविद्युत प्लाण्टमा खालि रहेको जग्गामा सोलार प्लान्ट राख्न, कर्मचारीलाई खेतिपाति गराउन, साधारण सभा सकभर दशैं भन्दा अगावै गर्न, सेयरधनीहरूलाई आयोजना अवलोकन भ्रमण गराउन, सञ्चालक समितिका सदस्य संख्या घटाउन सुझाव दिनु भयो । साथै सान्जेन जलविद्युत कम्पनीको IPO कहिले आउने भन्ने जिज्ञासा राख्नुभयो ।

४) **श्री चन्द्रनारायण श्रेष्ठ**

प्रतिफलका लागि धन्यवाद भन्दै नाफा/नोक्शान हिसाबमा गरिएको Assets write off को वारेमा प्रष्ट पारिदिन भन्नु भयो । साथै सञ्चालक समितिका सदस्यहरू को संख्या घटाउन भन्दै Retained Earning घट्नुको कारण प्रष्ट पारिदिन अनुरोध गर्नु भयो ।

५) **श्री भक्ति उप्रेति**

पेज नं. १० मा रू. लाख हुनुपर्ने हजारमा भयो, प्रतिफलका लागि धन्यवाद, नेपाल सरकारलाई चिलिमे प्लाण्ट हस्तान्तरण हुन्छ तर हाम्रो यो कम्पनी चिरकालसम्म नै रहन्छ, कम्पनीले दिने नाफा लगानी गरिएका अन्य कम्पनीबाट प्रतिफल आउन थाले पछि राम्रो हुन्छ, व्यापारिक विविधिकरणका लागि धन्यवाद, आयोजनाहरू तोकिएको समयमानै सम्पन्न गरिनु पर्ने, वार्षिक प्रतिवेदनमा उल्लेखित लेखापरीक्षणा प्रतिवेदन नेपाली भाषामा हुनुपर्ने जस्ता सुझाव दिँदै आफ्नो छोटो भनाई टंग्याउँछु भन्नु भयो ।

६) **श्री भूमी नन्दन अर्याल**

चिलिमे जलविद्युत कम्पनीलाई यस अवस्थासम्म ल्याउनमा डा. डम्वर बहादुर नेपाली लगायत तत् समयमा आयोजनामा काम गर्ने कर्मचारीको योगदानलाई विर्सन नहुने भन्दै कर्मचारी यूनियन सहयोगका लागि सँधै तत्पर रहेको भन्नु भयो । साथै प्रशारण लाईन ढिला भयो भने उत्पादीत विजुली खेर जाने भएकोले यसतर्फ पनि उत्तिकै ध्यान दिनु पर्ने सुझाव दिनु भयो ।

७) **श्री शत्रुघ्न श्रेष्ठ**

हाइड्रोपावरको विकास गर्न लामो समय लाग्छ त्यसैले नयाँ आयोजना पनि विस्तारै सफल हुन्छन भन्दै आफ्ना विचार राख्नु भयो ।

८) **श्री महेन्द्र बहादुर श्रेष्ठ**

प्रतिफलका लागि धन्यवाद, चिलिमेको भवन छिट्टो निर्माण होस् नयाँ आयोजनाहरू छिट्टो सम्पन्न हुनु पर्यो, कलकारखानामा विजुलीको माग धेरै भएकोले यसको माग पनि वढ्दो रूपमा छ भन्नु भयो ।

९) **डा. डम्बर बहादुर नेपाली**

आयोजनाहरू सम्पन्न हुन निकै ढिला भयो चालू आयोजनाको निर्माण कार्य शिघ्र हुनु पर्यो भन्नु भयो । साथै स्वदेशी पूँजी र प्रविधिबाट आयोजना वनाउन सुझाव दिन्छु भन्दै सबैलाइ धन्यवाद दिँदै आफ्नो छोटो भनाइ राखेर विदा हुन्छु भन्नु भयो ।

१०) **कृष्ण कश्यप**

चिलिमे जलविद्युत कम्पनील लि. ले शेयरधनीहरूलाई निरन्तर प्रतिफल दिन सफल भएकोमा धन्यवाद दिँनु भयो । वार्षिक प्रतिवेदन नेपालीमा हुनु पर्ने भन्दै कम्पनीको अगुवाइमा स्थापित जलविद्युत कम्पनीहरू मार्फत निर्माणाधिन जलविद्युत आयोजनाहरू छिटो सम्पन्न गर्न सुझाव दिनु भयो ।

चिलिमे जलविद्युत कं. लि. CHILIME HYDRO-POWER COMPANY LTD. ESTD. 1995

## ४. सञ्चालक समितिका अध्यक्षको प्रतिउत्तर

साधारण सभामा शेयरधनीले आ-आफ्ना मन्तब्य राख्ने काम समाप्त भएपिछ कम्पनी सचिवले सञ्चालक समितिका अध्यक्ष श्री कुलमान घिसिङलाई सेयरधनीका जिज्ञासाहरूलाई स्पष्ट गरिदिन आग्रह गर्नु भयो ।

### अध्यक्ष श्री कुलमान घिसिङ

अध्यक्ष श्री कुलमान घिसिङले शेयरधनी महानुभावहरूले दिनु भएको मूल्यवान सुझावको लागि धन्यवाद दिनु भयो । साथै उहाँहरूबाट प्राप्त सृजनात्मक सुझावहरूलाई क्रमश लागू गर्दै जाने प्रतिवद्धता पनि ब्यक्त गर्नु भयो । छपाइका सामान्य त्रुटिहरूलाई सुधार गर्दै जाने कुरा अवगत गराउँनु भयो साथै नाफा-नोक्शानमा देखिएको Assets Write Off भनेको चिलिमे जलविद्युत प्लान्टको सुदृढिकरण गर्दा परिवर्तन गरिएका काम नलाग्ने सामानहरूको कितावी मूल्य भएको तथ्य अवगत गराउनु भयो । आयोजना ढिला हुनुमा विभिन्न कारणहरू जस्तै भुकम्प, नाकावन्दी, कोभिड-१९, ठेकेदारका ढिलासुस्ति, विभिन्न निकायबाट पाउनु पर्ने स्वीकृति लगायतका समस्याहरूका कारण आयोजनालाई शुरूको तालिका अनुसार सम्पन्न गर्न नसकिएको भएतापनि सम्बन्धित कम्पनीका कर्मचारीहरू दिनरात खटिइ रहनु भएकोले संशोधित कार्यतालिका अनुसार आयोजनाहरू सम्पन्न हुने कुरामा विश्वस्त हुन आग्रह गर्नु भयो ।

सञ्चालक समितिको संरचना पुरानै भएकोले उक्त संरचनालाई पूर्णतामात्र दिइएको कुरा सभालाई जानकारी गराउनु भयो । अहिलेका स्वतन्त्र सञ्चालक असाध्यै अनुभवी भएकोले कम्पनीको लागि एक किसिमको सम्पत्ति नै हो भन्ने कुरा सभामा स्मरण गराउन चाहन्छु भन्नु भयो । यस कम्पनीका सञ्चालक समितिका सदस्यहरू अन्य कम्पनीका सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने भएकोले मौजुदा सञ्चालक संख्यालाई धेरै मान्नु नपर्ने विचार राख्नु भयो । यस कम्पनीको सञ्चालक समिति दायित्व नभई सम्पत्ती हो भन्नु भयो । २७० मेगावाटका जलविद्युत आयोजनाहरू छिट्टै सम्पन्न गरी करिव ५०० मेगावाट क्षमताका नयाँ जलविद्युत आयोजनाको अध्ययन सम्पन्न गरी निर्माणको चरणसम्म पुर्याउनु कम्पनीको प्रमुख उद्देश्य भएकोले सवैजना यसैमा दत्तचित्त भएर लागिरहेको तथ्या सभालाइ जानकारी गराउनु हुँदै सवैलाइ धन्यवाद दिँदै विदा हुनु भयो ।

## ५. प्रस्ताव तथा निर्णयहरु:

विषय सूचि अनुसार निर्णयार्थ पेश भएका निम्न प्रस्तावहरुमा सभाले निम्न बमोजिम निर्णय गर्यो:

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्ष श्री कुलमान घिसिङले प्रस्तुत गर्नुभएको आ.व.२०७७/०७८ को वार्षिक प्रतिवेदनमा छलफल भई त्यसमा उठेका सुझाव एवं जिज्ञासाका सम्बन्धमा अध्यक्षबाट स्पष्ट पारी सकिएकोले उक्त प्रतिवेदन पारित गरियोस् भनी प्रस्ताव गरिएकोमा सभाबाट उक्त प्रतिवेदन सर्वसम्मतिबाट पारित भयो ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित कम्पनीको २०७८ साल आषाढ मसान्तको वासलात र आ.व.२०७७/०७८ को नाफा/(नोक्सान) हिसाब, नगद प्रवाह विवरण तथा इक्यूटिमा भएको परिवर्तन सहितको आर्थिक विवरणहरु साधारण सभाको विषय सूचीसंगै शेयरधनीहरुलाई उपलब्ध गराइएको र उक्त वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा ईक्यूटिमा भएको

परिवर्तन सहितको आ.व.२०७७/०७८ को आर्थिक विवरण उपर छलफल भई उठेका जिज्ञासाहरुलाई स्पष्ट गर्ने कार्य पनि सकिइसकेकोले उक्त आर्थिक विवरण स्वीकृतार्थ कम्पनी सचिवबाट सभा समक्ष प्रस्ताव गरिएकोमा सभाबाट उक्त आर्थिक विवरणहरु सर्वसम्मतिबाट पारित भयो।

(३) कम्पनी ऐन, २०६३ मा व्यवस्था भए बमोजिम सोही ऐन बमोजिम गठित लेखापरीक्षण समितिले लेखापरीक्षकको नियुक्ति सम्बन्धमा गरेको सिफारिसको जानकारी गराउँदै लेखापरीक्षण समितिको तर्फबाट कम्पनीको आ.व. २०७८/०७९ को हिसाब किताव लेखापरीक्षण गर्न लेखापरीक्षक चार्टर्ड एकाउण्टेन्ट श्री विवेक अधिकारीलाई प्रस्ताव गर्ने निर्णय भएको व्यहोरा सभा समक्ष प्रस्तुत गरियो। लेखापरीक्षकको पारिश्रमिकका सम्बन्धमा मूल्य अभिबृद्धि कर बाहेक रु.२,४०,०००/- (अक्षरेपी दुई लाख चालीस हजार मात्र) तोक्न लेखापरीक्षण समितिबाट सिफारिस भएको कुरा पनि सभामा जानकारी गराईयो। साथै कम्पनीमा नेपाल विद्युत प्राधिकरणको ५१ प्रतिशत शेयर लगानी रहेकोले लेखापरीक्षकको नियुक्तिका लागि महालेखापरीक्षकको कार्यालयको परामर्श आवश्यक पर्ने भई महालेखापरीक्षकको कार्यालयसँग परामर्श माग गरिएकोमा चार्टर्ड एकाउण्टेन्ट श्री विवेक अधिकारीको नाम सिफारिस भई आएको व्यहोरा पनि सभालाई जानकारी गराइयो।

प्रस्तुत प्रस्तावमा छलफल गरी सभाले आ.व.२०७८/०७९ को कम्पनीको हिसाब किताबको लेखापरीक्षण गर्न प्रस्ताव गरिए बमोजिम लेखापरीक्षक चार्टर्ड एकाउण्टेन्ट श्री विवेक अधिकारीलाई बाह्य लेखापरीक्षकको रुपमा नियुक्त गर्ने र लेखापरीक्षण शुल्क वापत मूल्य अभिबृद्धि कर बाहेक रु.२,४०,०००/- (दुई लाख चालीस हजार मात्र) तोक्ने पनि सर्वसम्मतिबाट निर्णय भयो।

(४) कम्पनीको आ.व.२०७७/०७८ को आर्थिक विवरणमा प्रस्ताव गरिए बमोजिम आ.व. २०७७/०७८ असार मसान्तसम्मको संचित मूनाफाबाट साधारण सभा भएको मितिमा शेयरधनी दर्ता किताबमा नाम कायम रहेका सबै शेयरधनीहरुले पाउने गरी चुक्ता पूँजीको ७.५ (सात दशमलव पाँच) प्रतिशत नगद लाभांश वितरण गर्न सिफारिस गर्ने सम्बन्धमां सञ्चालक समितिबाट निर्णय भएको कुरा सभामा जानकारी गराइयो। साथै सञ्चालक समितिबाट सिफारिश भए बमोजिम चुक्ता पूँजीको ७.५ (सात दशमलव पाँच) प्रतिशत (वोनश सेयर तथा नगद लाभांसमा लाग्ने कर समेत) ले हुन आउने रकम रू. ४७,१०,५५,४४२/४६ (अक्षरेपी सत्चालीस करोड दश लाख पचपन्न हजार चार सय वयालीस र पैसा छयालीस मात्र) नगद लाभांसको रुपमा वितरण गर्न स्वीकृतिको लागि प्रस्ताव गरियो।

प्रस्तुत प्रस्ताव माथि छलफल हुँदा सभामा प्रस्ताव गरिए बमोजिम साधारण सभा भएको मितिमा शेयरधनी दर्ता किताबमा नाम दर्ता रहेका सबै शेयरधनीहरुले पाउने गरी आ.व. २०७७/०७८ असार मसान्तसम्मको सञ्चित मुनाफाबाट चुक्ता पूँजीको ७.५ (सात दशमलव पाँच) प्रतिशतले हुन आउने रकम रू. ४७,१०,५५,४४२/४६ (अक्षरेपी सत्चालीस करोड दश लाख पचपन्न हजार चार सय वयालीस र पैसा छयालीस मात्र) नगद लाभांशको रूपमा वितरण गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित भयो। नगद लाभांश तथा वोनश सेयर वितरण गर्दा कट्टी गर्नुपर्ने कर नगद लाभांसबाट कट्टी गरी भुक्तानी दिने स्वीकृतिका लागि प्रस्तुत प्रस्ताव पनि सर्वसम्मतिबाट पारित भयो।

चिलिमे जलविद्युत कं. लि. CHILIME HYDROPOWER COMPANY LTD.

(५) विशेष प्रस्तावः

(अ) आ.व. २०७७/०७८ असार मसान्तसम्मको सञ्चित मूनाफाबाट शेयरधनीलाई वोनश शेयर वितरण गर्ने प्रयोजनको लागि कम्पनीको अधिकृत पूँजी र जारी पूँजी बृद्धि गर्नु पर्ने लगायतका विषयहरु उल्लेखित दफाहरुमा संशोधन गर्न प्रस्ताव गरिएको कुरा सभामा जानकारी गराइयो । अतः कम्पनीको प्रबन्ध पत्र र नियमावली संशोधन गर्न बिशेष प्रस्ताव पेश गरिएकोमा कम्पनीको प्रबन्ध पत्र र नियमावलीमा निम्न बमोजिम संशोधन गर्ने सर्वसम्मत निर्णय भयोः

१) कम्पनीको अधिकृत पूँजी बृद्धी गरी कम्पनीको प्रबन्ध पत्रको दफा ५ (क) मा निम्न बमोजिम संशोधन गर्नेः

क. कम्पनीको अधिकृत पूँजी रू.७,५०,००,००,०००/- (सात अर्व पचास करोड) हुनेछ र सो रकमलाई प्रति शेयर रु.१०० (एक सय) दरको ७,५०,००,००० (सात करोड पचास लाख) कित्ता साधारण शेयरमा बिभाजन गरिने छ ।

२) कम्पनीको जारी पूँजी बृद्धी गरी कम्पनीको प्रबन्धपत्रको दफा ५ (ख) मा निम्न बमोजिम संशोधन गर्नेः

ख. कम्पनीको जारी पूँजी रु.६,९५,००,००,००० (छ अर्व पन्चानब्बे करोड) हुनेछ र सो रकमलाई प्रति शेयर रु.१०० (एक सय) दरको ६,९५,००,००० (छ करोड पन्चानब्बे लाख) कित्ता साधारण शेयरमा बिभाजन गरिने छ ।

३) कम्पनीको अधिकृत पूँजी बृद्धी गरी कम्पनीको नियमावलीको नियम ७ (क) मा निम्न बमोजिम संशोधन गर्नेः

क. कम्पनीको अधिकृत पूँजी रू.७,५०,००,००,०००/- (सात अर्व पचास करोड) हुनेछ र सो रकमलाई प्रति शेयर रु.१०० (एक सय) दरको ७,५०,००,००० (सात करोड पचास लाख) कित्ता साधारण शेयरमा बिभाजन गरिने छ ।

४) कम्पनीको जारी पूँजी बृद्धी गरी कम्पनीको नियमावलीको नियम ७ (ख) मा निम्न बमोजिम संशोधन गर्नेः

ख. कम्पनीको जारी पूँजी रु.६,९५,००,००,००० (छ अर्व पन्चानब्बे करोड) हुनेछ र सो रकमलाई प्रति शेयर रु.१०० (एक सय) दरको ६,९५,००,००० (छ करोड पन्चानब्बे लाख) कित्ता साधारण शेयरमा बिभाजन गरिने छ ।

उपर्युक्त वमोजिम प्रबन्धपत्र र नियमावलीमा संशोधन गर्ने प्रयोजनको लागि तीन महले सहितको संशोधन तयार गरी कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गर्न सञ्चालक समितिलाई अख्तियारी दिने पनि निर्णय भयो ।

(आ) कम्पनीको आ.व.२०७७/०७८ को आर्थिक विवरणमा प्रस्ताव गरिए बमोजिम आ.व. २०७७/०७८ असार मसान्तसम्मको सञ्चित मुनाफाबाट साधारण सभा भएको मितिमा

शेयरधनी दर्ता किताबमा नाम कायम रहेका सबै शेयरधनीहरुले पाउने गरी चुक्ता पूँजीको ७.५ (सात दशमलब पाँच) प्रतिशत रकम बरावरको वोनश शेयर वितरण गर्न सिफारिस साथ वार्षिक साधारण सभामा प्रस्ताव प्रस्तुत गर्ने सञ्चालक समितिबाट निर्णय भएको कुरा सभामा जानकारी गराइयो । साथै सञ्चालक समितिबाट सिफारिश भए बमोजिम चुक्ता पूँजीको ७.५ (सात दशमलब पाँच) प्रतिशतले हुन आउने रकम रू.४७,१०,५५,४४२/४६ (अक्षरेपी सत्चालीस करोड दश लाख पचपन्न हजार चार सय वयालीस र पैसा छ्यालीस मात्र) वरावरको बोनश सेयर बितरण गर्न स्वीकृतिको लागि विशेष प्रस्ताव पेश गरियो।

प्रस्तुत प्रस्ताव उपर छलफल हुँदा प्रस्ताव गरिए बमोजिम साधारण सभा भएको मितिमा शेयरधनी दर्ता किताबमा नाम दर्ता रहेका सबै शेयरधनीहरुले पाउने गरी आ.व. २०७७/०७८ असार मसान्तसम्मको सञ्चित मुनाफाबाट चुक्ता पूँजीको ७.५ (सात दशमलब पाँच) प्रतिशतले हुन आउने रकम रू. रू.४७,१०,५५,४४२/४६ (अक्षरेपी सत्चालीस करोड दश लाख पचपन्न हजार चार सय वयालीस र पैसा छ्यालीस मात्र) बरावरको बोनश शेयर वितरण गर्ने प्रस्ताव सर्वसम्मतिबाट निर्णय भयो। साथै बोनश सेयर वितरण गर्दा कट्टी गर्नुपर्ने लाभांश कर नगद लाभांशबाट कट्टी गर्ने पनि निर्णय भयो।

(६) विविध अन्तर्गत कुनै प्रस्ताव नभएकोले छलफल तथा निर्णय भएन।

## ६. साधारण सभाको समापन:

सञ्चालक समितिका अध्यक्षले शेयरधनी महानुभावले रचनात्मक सुझाव र सल्लाह दिई कम्पनीलाई मार्गदर्शन गरिदिनु भएकोमा धन्यवाद दिंदै शेयरधनीको सल्लाह र सुझाव अनुसार कम्पनीले आफ्नो कार्यमा क्रमशः सुधार गर्दै लैजाने विश्वास दिलाउनुका साथै सभामा उपस्थित भई सभा सुचारु रुपले सम्पन्न गर्न सहयोग गरिदिनु भएकोमा पुनः सवैलाई धन्यवाद दिंदै सभा समापन भएको घोषणा गर्नुभयो।

(नारायण प्रसाद आचार्य)
कम्पनी सचिव

(कुलमान घिसिङ)
अध्यक्ष

चिलिमे जलविद्युत कं. लि.
CHILIME HYDRO-POWER COMPANY LTD.
ESTD. 1995